प्रमाणीकरण मिति: २०७९।०९।२८

ढोरपाटन नगरपालिका नगरपालिका,

# नगर कार्यपालिकाको कार्यालयको संगठन संरचना

- नगर सभा
- आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास र वातावरण विपद् व्यवस्थापन समिति
- नगर कार्यपालिका
- प्रमुख
- उपप्रमुख
- न्यायिक समिति
- प्रमुख प्रशासकीय अधिकृत

### सामान्य प्रशासन शाखा

शाखा अधिकृत
रा.प.तृतीय
छैटौं सातौं/आठौं- २
ना.सु. रा.प.अनं.
प्र.(प्र.) सहायक पाँचौ-१
सहायक चौथौ पाँचौ-६
कम्प्युटर अपरेटर सहायक पाँचौं-१
कम्प्युटर अपरेटर सहायक चौथौं-१
महिला विकास निरीक्षक -१
सहायक महिला विकास

### वडा कार्यालय

ना.सु. रा.प.अन. प्र.(प्र.)/
अधिकृत छैठौ/सहायक पाँचौ-१
खरिदार रा.प.अन. द्वि.(प्र.)/
अधिकृत छैठौ/सहायक
चौथौ/पाँचौ-१
सब ईन्जि. रा.प.अनं.प्र.(प्रा.)/अ.
सब ईन्जि. पाँचौ/प्राविधिक

### राजस्व तथा आर्थिक प्रशासन शाखा

लेखा अधिकृत
सातौं/आठौं -१
लेखापाल पाँचौं -१
सह लेखापाल चौथौं -१
आन्तरिक लेखापरीक्षण
आ.ले.प. अधिकृत
छैटौं – १

### शहरी पूर्वाधार विकास शाखा

सिनियर डिभिजनल ईन्जिनियर नवौ दशौं- १
इन्जिनियर सातौं/आठौं -१
सव इन्जिनियर सहायक पाँचौं -६ अ.सव इन्जिनियर चौथौ -५

### आर्थिक विकास, श्रम तथा रोजगार शाखा

श्रम तथा रोजगार
(आन्तरिक तथा वैदेशिक )
अधिकृत छैटौं/सातौ
(रोजगार संयोजक) -१
प्राविधिक सहायक पाँचौं -१
रोजगार सहायक सहायक पाँचौ -१
सूचना परामर्श कर्ता -१
उद्यम विकास तथा गरिवी निवारण
उद्यम विकास सहजकर्ता
सहायक चौथौं -२

### कृषि तथा पशु सेवा शाखा

कृषि तथा पसु सेवा
पशु अधिकृत आठौं नवौ -१
अधिकृत सातौं/आठौं -१
सहायक पाँचौ -२ (पशु)
सहायक पाँचौ -२(कृषि)
सहायक चौथौं -२(पशु)

### सामाजिक विकास शाखा

शिक्षा युवा तथा खेलकुद शाखा
अधिकृत स्तर नवौं/दशौ -१
शाखा अधिकृत (शिक्षा), रा.प. तृ. / अधिकृत छैठौ/सातौ/आठौं-1
प्राविधिक सहायक/ना.सु.(प्र.)रा.प.अनं.प्र./ सहायक पाँचौ-१
स्वास्थ्य शाखा
अधिकृत स्तर सातौं आठौं -१
हेल्थ असिसेस्टेन्ट पाँचौं/छैटौं- १
पब्लिक हेल्थ पाचौं/छैटौं -१

### वन वातावरण,फोहोमैला तथा विपद व्यवस्थापन शाखा

अधिकृत छैटौं/ सातौं -१
सहायक चौथौ -१

### न्याय कानुन तथा मानव अधिकार प्रवर्धन शाखा

कानुन अधिकृत
छैटौं -१
सहायुक पाँचौ -१

## अनुसूची - १

**(नियम ३ को उपनियम (२) संग सम्बन्धित)**

**ढोरपाटन नगर कार्यपालिकामा रहने विषयगत शाखा (शाखा, कार्यालय, उपशाखा, इकाई) को कार्यविवरण**

**१. सामान्य प्रशासन शाखा**

(क) स्थानीय सेवा तथा जनशक्ति विकास उपशाखा

(ख) सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन उपशाखा

(ग) स्थानीय तह, प्रदेश र संघसंगको सम्बन्ध र समन्वय तथा वडासँगको समन्वय उपशाखा

(घ) नगर प्रहरी व्यवस्थापन उपशाखा

ङ) न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन उपशाखा

च) सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार र एफ.एम. सञ्चालन उपशाखा

छ) बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षणउपशाखा

ज) बैठक तथा विधायन उपशाखा

झ) आन्तरिक लेखापरीक्षण उपशाखा

ञ) विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधि तथा विभूषण इकाई

**२) राजश्व तथा आर्थिक प्रशासनशाखा**

क) राजश्व नीति तथा प्रशासनउपशाखा

ख) आर्थिक प्रशासनउपशाखा

**३) पुर्वाधार विकास तथा भवन नियमन शाखा**

क) सडक तथा यातायात व्यवस्थाउपशाखा

ख) भवन तथा भवन संहिता एवं निर्माण इजाजत (डिजाइन समेत) उपशाखा

ग) जग्गा नापी तथा नक्सा, घरजग्गा धनी पुर्जा, भू-उपयोग तथा वस्ती विकासउपशाखा

- जग्गा नापी तथा नक्सा, घरजग्गा धनी पुर्जा इकाई
- वस्ती विकास इकाई

घ) जलविद्युत, उर्जा, सडक वत्ति तथा सिंचाई उपशाखा

- जलविद्युत, उर्जा र सडक वत्ति इकाई
- सिचाई तथा जलउत्पन्न प्रकोप नियन्त्रण इकाई

ङ) वातावरण, पर्यावरण एवं जलाधारक्षेत्र संरक्षण तथा फोहरमैला व्यवस्थापन उपशाखा

च) विपद् व्यवस्थापन (वारुणयन्त्र, एम्बुलेन्स तथा यन्त्र उपकरण परिचालन समेत) उपशाखा

छ) सार्वजनिक निजी साझेदारी इकाई

**४. आर्थिक विकास शाखा**

क) कृषि, पशुपन्छी तथा सहकारी कार्यालय

ख) वन तथा भू-संरक्षण कार्यालय

ग) उद्योग तथा उद्यमशिलता विकास उपशाखा

घ) रोजगार प्रवर्द्धन तथा गरिबी न्यूनीकरण उपशाखा

**५. सामाजिक विकास शाखा**

क) आधारभूत तथा माध्यमिक शिक्षा कार्यालय

ख) खेलकुद तथा अतिरिक्त क्रियाकलाप इकाई

ग) आधारभूत स्वास्थ्य तथा सरसफाई कार्यालय

घ) खानेपानी व्यवस्थापनकार्यालय

ङ) लैंगिक समानता, सामाजिक रुपान्तरण तथा सामाजिक सुरक्षा उपशाखा

- ➢ लैंगिक समानता तथा सामाजिक रुपान्तरण इकाई
- ➢ बालबालिका, किशोर किशोरी तथा युवा इकाई
- ➢ अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिक इकाई

(च) गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन इकाई

(छ) सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता इकाई

(ज) संस्कृति, सम्पदा, ललितकला तथा पर्यटन प्रबर्द्धन इकाई

**६. योजना, अनुगमन तथा तथ्यांक शाखा**

(क) योजना, कार्ययोजना तर्जुमा तथा उपभोक्ता समिति परिचालन इकाई

(ख) अनुगमन तथा मूल्यांकन इकाई

(ग) तथ्यांक व्यवस्थापन इकाई

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची २

(नियम ४ को उपनियम (१) संग सम्बन्धित)

**बिषयगत शाखाको कार्य विभाजन**

**१) सामान्य प्रशासन शाखा**

**क) स्थानीय सेवा तथा जनशक्ति विकास**

* स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन
* संविधानको धारा ३०२ बमोजिम समायोजन भई आउने कर्मचारीको व्यवस्थापन.
* स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य
* नगरपालिकाको संगठन विकास, सङ्गठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,

• स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रबर्द्धन र नियमन
• मानव संसाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीनं योजना तर्जुमा
• नगरपालिकामा सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन
• स्थानीय शान्ति समिति सम्बन्धी कार्यहरु ।

**ख) सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन**

नगरपालिकाको लागि सार्वजनिक खरीद तथा अन्य बन्दोबस्तीका सामान सम्बन्धी विषय

• नगरपालिकाभित्रको सार्वजनिक तथा सरकारी सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसाय, पूर्वाधार, उद्योग, खानी तथा खनीज, बनको विवरण सहितको अद्यावधिक अभिलेख
• नगरपालिकाको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख
• नगरपालिकास्थित सरकारी सम्पत्तिको एकीकृत विवरण ।

**ग) स्थानीय तह, प्रदेश र संघसँगको सम्बन्ध र समन्वय तथा वडासँगको समन्वय**

• संघ तथा प्रदेश तहमा संविधान तथा कानून बमोजिमको सहभागिता तथा प्रतिनिधित्व
• जिल्ला समन्वय समितिसँगको समन्वय
• वडा तहसंगको सम्पर्क र समन्वय

प्रमुख प्रशासकीय अधिकृत

• पत्राचार, सभा, समारोह, शिष्टाचार

**घ) नगर प्रहरी व्यवस्थापन**

• संघीय तथा प्रदेश कानूनको अधिनमा रही नगर प्रहरीको सञ्चालन तथा व्यवस्थापन नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

• नगर प्रहरीमार्फत देहायका कार्य सम्पादन गर्ने,

- नीति, कानून, मापदण्ड, निर्णयहरु कार्यान्वयनमा सहयोग,
- सम्पत्तिको संरक्षण,
- नगरपालिकामा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको व्यवस्थापनमा सहयोग,
- स्थानीय बजार तथा पार्किङ स्थलको व्यवस्थापनमा सहयोग,
- नगर प्रहरी सम्बन्धी कार्यपालिकाले तोके बमोजिमका नीति, योजना, कार्यक्रम कार्यान्वयन, र अनुसन्धान,
- गाउँ बस्ती सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन र कसूर उपर छानविन
- स्थानीय न्यायिक समिति गरेका आदेश, फैसला कार्यान्वयनमा सहयोग,
- कार्यालय परिसर, सम्पदा, सार्वजनिक, ऐलानी, पर्ति जग्गा, सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,
- विपद् व्यवस्थापनमा सहयोग,
- अपराध रोकथाम तथा अनुसन्धानमा सहयोग,
- फूटपाथ व्यवस्थापन
- निर्माण नियमन
- गुणस्तर नियन्त्रण

• **नगर प्रहरी सम्बन्धी अन्य कार्य ।**

(ङ) न्यायिक समितिको सचिवालय, न्याय, कानून, मानव अधिकार प्रवर्द्धन तथा मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयन

- न्यायिक समितिको सचिवालय सम्वन्धी कार्य
- न्याय तथा कानूनी राज्यको परिपालना
- मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन

प्रमुख प्रशासकीय अधिकृत

- व्यक्ति र समुदायवीच मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- न्यायिक निर्णय तथा फैसला कार्यान्वयन

(च) सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार र एफ. एम सञ्चालन

- आफ्नो क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, कंबुल तथा तारविहीन टेलिभिजन प्रसारप्यको अनुमति,
- नबीकरण र नियमन
- एक सय मेगाहर्ज सम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमन
- आफ्नो क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख तथा नियमन
- अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको प्रयोग
- सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुच तथा सूचना प्रविधिको विकास र विस्तारसम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन
- वैज्ञानिक अध्ययन, अनुसन्धान र प्रविधि विकासमा लगानी
- सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ व्यवस्थापन

(छ) बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण

- स्थानीय व्यापार, वाणिज्य, वस्तुको माग, आपूर्ति व्यवस्थापन तथा अनुगमन
- बज़ार तथा हाट बजार व्यवस्थापन
- उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन
- स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन
- स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,
- स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,
- उपभोक्ता सचेतना, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,
- खाद्य पदार्थको गुणस्तर नियन्त्रण,
- खानेपानीको गुणस्तर नियन्त्रण,
- स्थानीय व्यापार प्रवर्द्धन सहजीकरण र नियमन,

प्रमुख प्रशासकीय अधिकृत

- स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाइन ।

(ज) बैठक तथा विधायन

- कार्यपालिका तथा सभाको बैठक व्यवस्थापन
- कार्यपालिकाको निर्णयहरुको विद्युतिय माध्यमबाट अभिलेखीकरण तथा प्रकाशन
- कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति, नियम तथा कानूनको मसौदामा संयोजन
- कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापन
- नीति, कानुनको प्रमाणीक प्रतिको संरक्षण, प्रकासनका लागि समन्वय
- विधायन सम्बन्धी अन्य कार्य

(झ) आन्तरिक लेखापरीक्षण

- आन्तरिक तथा पूर्व लेखापरीक्षण
- लेखापरीक्षण विवरण (बेरुजुको लगत समेत)को अभिलेख व्यवस्थापन
- अन्तिम लेखापरीक्षण कार्यमा सहयोग, समन्वय र सहजीकरण
- लेखापालनसम्बन्धी क्षमता विकास कार्य

(ञ) विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधी, विभुषण, आदि ।

- स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उदी आदिको व्यवस्थापन
- उपाधी तथा विभुषण सम्बन्धी सिफारिश, अभिलेख

**२. राजश्व तथा आर्थिक प्रशासन शाखा**

क) राजश्व नीति तथा प्रशासन

- राजश्व सम्बन्धी नीति, कानून तर्जुमा, कार्यान्वयन र नियमन (राजस्व चुहावट नियन्त्रण समेत)
- सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, बहालविटौरी कर, घरजग्गा कर, मृत वा मारिएको जीवजन्तुको हाड, सिंग, प्वाँख, छालामा

प्रमुख प्रशासकीय अधिकृत

कर, प्राकृतिक स्रोत साधन, व्यवसायिक कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, बांडफाड, संकलन र नियमन, अन्य आय व्यवस्थापन

- सार्वजनिक खर्च तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन र सोको सङ्कलन तथा बाँडफाँड
- आफ्नो क्षेत्रभित्र राजस्वका दर अन्य शुल्क निर्धारण, संघीय र प्रदेश कानून बमोजिम प्राकृतिक श्रोत साधन र सेवा शुल्क जस्ता रोयल्टी सङ्कलन, समन्वय र नियमन
- स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुर (नीति, कानुन, मापदण्ड, नियमन, शुल्क निधारण, संकलन तथा व्यवस्थापन)
- मालपोत संकलन
- कानुन बमोजिम ढुंगा, गिट्टी, वालुवा, माटो, नुन, स्लेट, फायरक्ले जस्ता खानी खनीज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन र सो सम्बन्धी रोयल्टी सङ्कलन
- ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर, याफ्टिङ्ग शुल्क
- सामुदायिक बनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन
- पानीघट्ट, कूलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन
- प्राकृतिक स्रोतको उपयोग सम्बन्धी नीति निर्धारण र कार्यान्वयन तथा प्रदेश र संघीय मापदण्ड पालना
- प्रचलित कानुन बमोजिम दण्ड जरिवाना
- बाँकी बक्यौता रकमको लगत र असुल उपर
- करदाता शिक्षा तथा करदाता विवरण अद्यावधिक
- वित्तीय स्रोत साधनको समतामूलक बाँडफाँड • आर्थिक साधनको महत्तम उपयोग तथा परिचालन
- राजश्व परामर्श समिति सम्बन्धी विषय
- स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन,
- राजश्वको सम्भाव्यता अध्ययन
- राजस्व सूचना तथा तथ्याङको आदान प्रदान

• संघीय तथा प्रदेश कानून बमोजिम बजेट घाटापूर्तिको स्रोत व्यवस्था

प्रमुख प्रशासकीय अधिकृत

**ख) आर्थिक प्रशासन -**

• आर्थिक (कार्यविधी) नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन, आर्थिक प्रशासन र व्यवस्थापन

• बजेट सीमा निर्धारण, बजेट तर्जूमा, कार्यान्वयन र नियमन

• सञ्चित कोष तथा आकस्मिक कोषको व्यवस्थापन

• लगानी र लाभांशको व्यवस्थापन

• लेखा व्यवस्थापन, खर्च, राजश्व, धरौटी, कार्यसंचालन कोष तथा अन्य सरकारी कोष तथा संपत्तिको एकीकृत विवरण

• समष्टिगत आर्थिक अवस्थाको विश्लेषण

• ऋण तथा अनुदानको व्यवस्थापन र नियमन

• लगानी प्रक्षेपण (सहकारी, सहकारी तथा निजी) र वित्तीय व्यवस्थापन

• कारोबारको लेखांकन, नियन्त्रण तथा व्यवस्थापन

• राजश्व तथा व्ययको अनुमान

• बेरुजु फछ्र्यौट

• आर्थिक प्रशासन र व्यबस्थापन सम्बन्धी अन्य विषय ।

**३. पूर्बाधार विकास तथा भवन नियमन शाखा**

क) सडक तथा यातायात व्यवस्था

■ स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक तथा यातायात सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन

■ स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुलेसा र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार

■ यातायात सुरक्षा व्यवस्थापन र नियमन

■ स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन

■ ट्याक्सी सेवा अनुमती, व्यवस्थापन र नियमन,

प्रमुख प्रशासकीय अधिकृत

■ वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलित, अपाङ्गता र लैङ्गिगमैत्री यातायात प्रणालीको प्रवर्द्धन ■ आधारभूत यातायात सम्बन्धमा प्रदेश सरकारसंग समन्वय

■ यातायात क्षेत्रमा लगानी अभिवृद्धि

■ यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुच

(छ) सार्वजनिक निजी साझेदारी

■ स्थानीय सार्वजनिक-निजी साझेदारी सम्बन्धी स्थानीय नीति, योजना निर्माण ■ स्थानीय सार्वजनिक-निजी साझेदारीका आयोजना छनौट तथा कार्यान्वयन

■ स्थानीय विकासमा निजी क्षेत्रको प्रबर्द्धन

**४. आर्थिक विकास शाखा**

(क) कृषि, पशुपन्छी तथा सहकारी

कृषि

■ कृषि, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापनसम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

■ कृषि बजार सूचना, कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिंचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन

कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण

■ कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन

■ कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन

■ उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण

■ कृषिसम्बन्धी बीमा र कर्जा सहजीकरण

■ शीत भण्डारणको व्यवस्थापन

■ कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, देवा, सीप विकास र सशक्तीकरण

■ कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन

■ कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन

प्रमुख प्रशासकीय अधिकृत

- कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण
- कृषि तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली तथा कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार
- कृषि स्रोत केन्द्रको स्थापना र व्यवस्थापन

पशुपन्छी

- पशुपालन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- पशुपन्छी बजार सूचना, हाटबजारको पूर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन र नियमन
- खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्ग सहलन, अभिलेखन तथा व्यवस्थापन
- भौगर्भिक नक्सा प्रकाशन ।

**(घ) रोजगार प्रबर्द्धन तथा गरिबी न्यूनीकरण**

- गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान
- गरिबी निवारणको स्थानीय रणनीति तर्जुमा
- गरिब घरपरिवार पहिचानसम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन
- गरिबी निवारण सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय संस्थासंग सम्पर्क, समन्वय र सहकार्य • रोजगार तथा बेरोजगारको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना
- स्थानीयस्तरमा रहेका विदेशी श्रमिकको लगत सङ्लन तथा सूचना व्यवस्थापन
- पहिचान भएका गरिब घरपरिवार एवं लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन
- संघीय र प्रदेश कानून बमोजिम स्थानीय तहमा सुकुम्बासीको पहिचान र अभिलेख व्यवस्थापन
- सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन
- रोजगारीका अवसर सिर्जना सम्वन्धी

**५. सामाजिक विकास शाखा**

(क) आधारभूत तथा माध्यमिक शिक्षा

प्रमुख प्रशासकीय अधिकृत

■ प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा (गुरुकुल, मदरसा, गुम्बा आदि), निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन

■ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन

■ पाठ्यक्रम र पाठ्यसामग्रीको वितरण तथा कार्यान्वयन

■ विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन

■ विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

■ शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार

■ आधारभूत तह (कक्षा ८) को परीक्षा व्यवस्थापन

■ विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण र व्यवस्थापन

■ विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन

■ शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन

**(छ) सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता**

■ सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान

■ सङ्घ तथा प्रदेशले निर्धारण गरेको मापदण्ड बमोजिम सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन

■ सामाजिक सुरक्षाको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य

■ स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन तथा आवश्यक तथ्यांक संकलन एवं व्यवस्थापन ।

(ज) संस्कृति, सम्पदा, ललितकला तथा पर्यटन प्रबर्द्धन

■ भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

■ पुरातत्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रबर्द्धन र विकास

■ परम्परागरत रुपमा चलिआएका जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन

■ स्थानीय महत्वका धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यवस्थापन

प्रमुख प्रशासकीय अधिकृत

■ पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रवर्द्धन

■ पर्यटन पूर्वाधार विकास तथा प्रोत्साहन

पुरातात्विक, धार्मिक महत्वका सम्पदाहरुको संरक्षण तथा सम्बर्द्धन

■ भाषा, संस्कृति, जात्रा, पर्व र ललितकलाको संरक्षण, प्रवर्द्धन र विकास ।

**६. योजना, अनुगमन तथा तथ्यांक शाखा**

(क) योजना तर्जुमा, कार्ययोजना तयारी, उपभोक्ता समिति परिचालन

■ विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड, योजना र नियमन

■ स्थानीय विकास नीति, अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जूमा, अनुगमन तथा मूल्यांकन

■ आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याइन

■ वार्षिक विकास कार्यक्रम, आयोजना तर्जुमा, कार्यान्वयन

■ विकास निर्माण प्रकृयामा स्थानीय जनसहभागिता अभिवृद्धिका कार्यक्रम तर्जुमा र कार्यान्वयन

• विकास योजनाहरुको वातावरणीय प्रभाव मूल्यांकन

■ उपभोक्ता समितिको दर्ता, नविकरण, नियमन तथा खारेजी, विवरण अद्यावधिक, क्षमता विकास.

■ विकासका प्राथमिकता प्राप्त क्षेत्र निर्धारण

• संघीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण सहयोग

**७. नापी नक्सा शाखा**

- निजी जग्गाहरु नाप्ने चारकिल्ला छूट्टाउने
- जग्गाको नापी नक्सा अध्ययन गरी आवधिक रुपमा अद्यावधिक गर्ने
- जग्गा सम्बन्धी विवाद प्राविधिक रुपमा साम्य गर्ने,
- सार्वजनिक सहित विभिन्न किसिमका जग्गाहरू पहिचान गर्ने
- नक्सा अनुसार जग्गा चिन्ने र छुट्टाउने
- सार्वजनिक तथा सरकारी जग्गाहरूको संरक्षण र संवद्धन सम्बन्धी काम ।

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची

## ढोरपाटन नगरपालिका, बाग्लुङ

## नगर कार्यपालिकाको कार्यालयको दरवन्दी तेरिज

| क.सं. | पद | तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरवन्दी | अन्य सेवाबाट समायोजन हुने दरवन्दी | बाँकी दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १० | प्रशासन | सा.प्र. | | १ | | | |
| २ | अधिकृत | ९/१० | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ३ | सि.डि.ई. | ९/१० | इन्जि. | सिभिल | | १ | | १ | |
| ४ | अधिकृत | ७/८ | प्रशासन | सा.प्र. | | १ | | १ | |
| ५ | लेखा अधिकृत | ७/८ | प्रशासन | लेखा | | १ | | १ | |
| ६ | अधिकृत | ७/८ | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ७ | जन स्वास्थ्य अधिकृत | ७/८ | स्वास्थ्य | ज.स्वा. | | १ | | १ | |
| ८ | इन्जिनियर | ७/८ | इन्जि. | सिभिल | | १ | | १ | |
| ९ | अधिकृत | ७/८ | प्रशासन | सा.प्र. | | २ | | २ | |
| १० | आ.ले.प. अधिकृत | ६ | प्रशासन | लेखा | | १ | | १ | |
| ११ | प.हे.न. | ५/६ | स्वास्थ्य | क.न. | | १ | | १ | |
| १२ | हेल्थ असिस्टेन्ट | ५/६ | स्वास्थ्य | हे.ई. | | १ | | १ | |
| १३ | सहायक | ५ | प्रशासन | सा.प्र. | | ५ | | ५ | |
| १४ | लेखापाल | ५ | प्रशासन | लेखा | | १ | | १ | |
| १५ | कम्प्युटर अपरेटर | ४ | विविध | | | १ | | १ | |
| १६ | प्रा.स. | ५ | शिक्षा | शि.प्र. | | १ | | १ | |
| १७ | सब-इन्जिनियर | ५ | इन्जि. | सिभिल | | २ | | २ | |
| १८ | महिला विकास निरीक्षक | ५ | विविध | | | १ | | १ | |
| १९ | अमिन | ४ | इन्जि. | सर्भे | | १ | | १ | |
| २० | सहायक | ४ | प्रशासन | सा.प्र. | | २ | | २ | |
| २१ | स.ले.पा. | ४ | प्रशासन | लेखा | | १ | | १ | |
| २२ | सहायक महिला विकास निरीक्षक | चौथो | विविध | | | १ | | १ | |
| कार्यालय तर्फ जम्मा | | | | | | २९ | ० | २८ | |
| वडा कार्यालय (९ वटा) | | | | | | | | ० | |
| १ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ४ | | ४ | |
| २ | सब-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | ४ | | ४ | |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र. | | ५ | | ५ | |
| ४ | अ. सब-इन्जिनियर | चौथो | इन्जि. | | | ५ | | ५ | |
| | | | | | | | | ० | |
| वडा कार्यालय तर्फ जम्मा | | | | | | १८ | ० | १८ | |
| कुल जम्मा | | | | | | ४७ | ० | ४६ | |

नोट: कुनै स्थानीय तहमा तृतीय तहको कर्मचारी कार्यरत भएमा निजलाई स्वीकृत संगठन संरचनाअनुसारको मिल्दो चौथो तहमा कामकाज लगाउन सकिनेछ । त्यस्तो पदमा कार्यरत कर्मचारी जुनसुकै कारणबाट रिक्त भएमा सो पद स्वतः खारेज हुनेछ।

संगठन संरचना भित्र नपरेका सरसफाई, दमकल सञ्चालन, एम्बुलेन्स सञ्चालन, नगर प्रहरी जस्ता स्थायी कर्मचारीलाई हाल कार्यरत रहेकै पदमा कामकाज लगाउन सकिनेछ र त्यस्ता पदमा कार्यरत कर्मचारी कुनै कारणबाट रिक्त भएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कामकाज गराउनु पर्नेछ ।

स्थानीय तहमा समायोजन भएका छा.पा.म.टे. चौथो र पाँचौ कर्मचारीहरूलाई निजहरूको शैक्षिक योग्यता समेतको आधारमा सब-ई., अ.स.ई. वा प्रा.स. को पदमा कामकाज लगाउन सकिनेछ ।

यस दरवन्दी भन्दा बाहेक नगरपालिकाका स्थायी कर्मचारीहरूले नगरपालिकाले खटाए बमोजिमको काम गर्नु पर्ने छ ।